म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २६ शनिबार ८ भदौ २०८१ ने. सं. ११४४ गुंलागा 24 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**डेंगीका लक्षणहरू**

- उच्च ज्वरो आउनु,
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु,
- आँखाको गेडी दुख्नु,
- अत्याधिक टाउको दुख्नु,
- शरीरमा राता बिमिराहरू आउनु,
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ ।
तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बागमती प्रदेशको तीन पालिकामा बजेट 'होलिडे'

## स्वमूल्यांकन गुणस्तर परीक्षणमा उत्कृष्ट

भानुभक्त आचार्य

हेटौंडा, ७ भदौ/चालु आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयनको एक महिना बितिसक्दा पनि बागमती प्रदेशको तीनवटा स्थानीय तहमा बजेट 'होलिडे' रहेको छ ।

स्थानीय सरकारको आयव्यय विवरण गाउँ वा नगर सभाबाट अनुमोदन नभएकै कारण सरकारको खर्च रोकिन पुग्नु र सरकारले खर्च गर्न नपाउने अवस्था सिर्जना हुनुलाई बजेट होलिडे भनिन्छ । यसरी बजेट होलिडे हुनेमा बागमती प्रदेशका १३ जिल्लामध्ये चितवन, ललितपुर र दोलखाका एक-एक वटा स्थानीय तह छन् । चितवनको राप्ती नगर पालिका, ललितपुरको गोदावरी नगरपालिका र दोलखाको बिगु गाउँपालिकाले चालू आर्थिक वर्षमा बजेट ल्याउन नसकेका हुन् । बागमतीमा ११९ स्थानीय तह छन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार आगामी वर्षको राजस्व र बजेटको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई १० असारभित्र सभामा पेश गरिसक्नुपर्ने व्यवस्था छ । तर, ११ असार २०८१ भित्र बागमती प्रदेशका १० वटा स्थानीय तहले बजेट ल्याउन सकेका थिएनन् । गोदावरी र राप्ती नगरपालिका, मकवानपुरको बागमती, दोलखाको मेलुङ र बिगु, सिन्धुपाल्चोकको सुनकोशी, धादिङको सिद्धलेक र ज्वालामुखी, नुवाकोटको तारकेश्वर र रसुवाको नौकुण्ड गाउँपालिकाले




१० असारमा बजेट ल्याउन नसकेका हुन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा (१) र (५) अनुसार स्थानीय तहको सभामा बजेट पेश हुनुपर्ने र सोही दफाको उपदफा (६) बमोजिम असार मसान्तभित्र सभाबाट पारित गरिसक्नुपर्ने व्यवस्था रहेको छ । तर, देशभरिका ७५३ स्थानीय तहमध्ये २७ वटा पालिकाले हालसम्म बजेट नै ल्याउन नसकेका हुन् ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष डा.बालानन्द पौडेलले स्थानीय सरकार बजेटको संवेदनशीलतामा गम्भीर नभएको बताए । चुनाव जित्नु मात्रै नभई स्थानीय सरकार चलाउन पनि नेतृत्वले सिक्नुपर्नेमा पालिकाहरु बजेट ल्याउने विषयमा समेत तुलनात्मकरुपमा कमजोर हुँदै गएको उनले औंल्याए । अघिल्लो पटकभन्दा यसपटक बजेट ल्याउने विषयमा सुधार हुनुपर्नेमा झनै समस्या देखिएको उनको भनाई छ ।

बजेट पारित हुन नसकेका वा बजेट नै नल्याएका स्थानीय तहले १ साउनबाट एक रुपैयाँ पनि खर्च गर्न मिल्दैन । बजेट ल्याउन नसकेका स्थानीय तहमध्ये अधिकांश मधेशका छन् । साउन मसान्तसम्म बजेट ल्याएका नसकेका ७ वटा नगरपालिकामा ५ वटा मधेश प्रदेशका मात्रै र बागमतीका दुईवटा छन् । यस्तै २० वटा गाउँपालिकाले बजेट ल्याउन नसकेको हो ।

स्थानीय सरकारहरुले समयमा बजेट ल्याउन नसक्नुको सबैभन्दा प्रमुख कारण पालिकामा देखिएको आन्तरिक राजनीतिक किचलो रहेको पाइएको छ । अर्को कारण पालिकाको नेतृत्व विभिन्न मुद्दामा निलम्बनमा पर्नु र केही पालिकामा कर्मचारी अभावका कारण पनि बजेट ल्याउन नसकेको स्थानीय जनप्रतिनिधिले बताएका छन् ।

ललितपुरको गोदावरी नगरपालिकामा बजेट ल्याउनुपर्ने समयमा मेयर गजेन्द्र महर्जन र उपमेयर मुना अधिकारी निलम्बनमा परेका थिए । २१ जेठ २०८१ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रोडा-ढुंगा उत्खनन्मा हिनामिना भएको आरोपमा भ्रष्टाचार मुद्दा दायर गरेपछि उनीहरु निलम्बनमा थिए । ३० साउनमा विशेष अदालतले सफाइ दिएपछि मेयर र उपमेयर दुवै फेरि पुरानै जिम्मेवारीमा फर्केका छन् । गोदावरीले भदौ दोस्रो सातासम्म बजेट पारित गर्ने दाबी गरेको छ ।

चितवनको राप्ती नगर पालिकाका वडाध्यक्षहरुले नगरसभा बहिष्कार गरेपछि अहिलेसम्म बजेट आएको छैन । वडागत बजेट सिलिङ नमिलेको भन्दै वडाध्यक्षहरुले बजेट ल्याउन दिएका छैनन् । यहाँ बजेट नआउनुमा राजनीतिक द्वन्द्वले काम गरेको देखिन्छ । नगरप्रमुख शमशेर लामा नेकपा (एकीकृत समाजवादी) बाट निर्वाचित भएका हुन् । उपप्रमुख कांग्रेसका छन् भने कार्यपालिकामा एमालेको बहुमत छ । राप्तीमा अब वडाध्यक्षहरुले मागेको सिलिङ पठाएर १६ भदौमा नगरसभाबाट बजेट पास गर्ने तयारी छ ।

**स्वमूल्यांकन गुणस्तर परीक्षणमा उत्कृष्ट**

यसैगरी, स्वमूल्यांकन गुणस्तर परीक्षणमा बागमती प्रदेशका स्थानीय तह उत्कृष्ट भएका छन् । संघीय मामिला तथा प्रशासन मन्त्रालयको स्थानीय सरकार संस्थागत स्वमूल्यांकनमा बागमती प्रदेशको धादिङका पालिका उत्कृष्ट ठहरिए ।

स्वमूल्यांकनमा नगर पालिकातर्फ धादिङको नीलकण्ठ नगर पालिका र गाउँपालिकातर्फ पनि धादिङकै बेनीघाट रोराङ गाउँपालिका उत्कृष्ट भएको हो । नगरपालिकातर्फ चितवनको रत्ननगर नगरपालिका तेस्रो भएका छन् । त्यस्तै, गाउँपालिकातर्फ समान अंक पाउँदै सिन्धुपाल्चोकको ईन्द्रावती गाउँपालिका दोस्रो भएका छन् ।

उत्कृष्ट ठहरिएका पालिकालाई बिहीबार मन्त्रालयमा प्रशंसापत्रसहित सम्मान प्रदान गरिएको थियो । मन्त्रालयले स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन आर्थिक वर्ष ०७६/७७ बाट सुरु गरे पनि गुणस्तर परीक्षण प्रतिवेदन सार्वजनिक गरेको पहिलोपटक हो ।

# मकवानपुरमा द्रुतमार्गलाई ३४ हजार वर्गमिटर जग्गाको स्वीकृत

साझाकुरा संवाददाता

हेटौंडा, ७ भदौ/सरकारले काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजनालाई मकवानपुरमा करिब ३३ हजार ९७५ वर्गमिटर जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने भएको छ ।

निर्माणाधीन द्रुतमार्गको मकवानपुरक्षेत्रमा यतिबेला धमाधम काम भइरहेको छ । बकैया गाउँपालिका र भीमफेदी गाउँपालिकामा नेपाली सेनाले ठेक्का लगाएर अग्ला पुल र सुरुङमार्ग निर्माण गरिरहेको हो । २०८१ भदौ ६ गतेको मन्त्रिपरिषद् बैठकका निर्णय सुनाउँदै सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले द्रुतमार्ग निर्माणका लागि मकवानपुरमा थप जग्गा प्रदान गरिने भएको जानकारी दिए ।

राज्यको उच्च प्राथमिकतामा परेको परियोजनाका रुपमा मकवानपुरको बकैया गाउँपालिकामा पर्ने द्रुतमार्गको २१ साउनमा मात्रै धेद्रे सुरुङ दुवैतर्फ 'ब्रेक थ्रु' अर्थात् छेडिएको थियो । यसअघि बकैया गाउँपालिकामै पर्ने लेनडाँडाका दुबै सुरुङको गत जेठमै ब्रेक थ्रु भइसकेको थियो । ७० दशमलव ९ सय ७७ किलोमिटर लामो द्रुतमार्गमा कुल १० दशमलव ३ सय ९ किलोमिटर सुरुङमार्ग रहेको छ । यसमध्ये धद्रे सुरुङ १ हजार ६ सय ९१ मिटर लामो छ ।



यस आयोजनामा ६ स्थानमा सुरुङ बन्दैछन् ।

मकवानपुरकै महादेवटारमा काठमाडौं छिर्ने र काठमाडौंबाट निजगढ जाने २ वटा सुरुङ खनिँदैछ । काठमाडौंबाट निजगढततर्फ आउने सुरुङ ३ हजार ३ सय ८६ मिटरमध्ये २ हजार २ सय ८८ मिटर खनेर सकिएको छ । त्यस्तै निजगढबाट काठमाडौंतर्फ आउने सुरुङको ३ हजार ३ सय २२ मिटर मध्ये २ हजार २९ मिटर खनिएको छ । सैनिकप्रवक्ता एवम् सहायकरथी गौरवकुमार केसीका अनुसार ६ सुरुङमध्ये ३ वटाको ठेक्का लागेर काम भइरहेको छ ।

जसमध्ये सबैभन्दा लामो ३ हजार ३ सय ५५ मिटर लामो सुरुङ महादेवडाँडामा बन्दैछ । जसको ६५ प्रतिशत काम सम्पन्न भइसकेको नेपाली सेनाले जनाएको छ । महादेवडाँडा पनि मकवानपुरको भीमफेदी गाउँपालिकामा पर्दछ । द्रुतमार्गको तीनवटा मुख्य सुरुङ मकवानपुर जिल्लामै पर्दछ । द्रुतमार्ग आयोजनाको समष्टिगत प्रगति भने ३५ दशमलव ३८ प्रतिशत पुगेको सेनाले जानकारी दिएको छ ।

२१ बैशाख २०७४ को मन्त्रीपरिषद् निर्णयअनुसार काठमाडौं-तराई द्रुतमार्ग निर्माण व्यवस्थापनको जिम्मा नेपाली सेनालाइ दिएको हो । जसलाई सेनाले विभिन्न प्याकेजमा ठेक्का लगाएर काम गरिरहेको छ । अहिले ६ दशमलव ५ किलोमिटरदेखि ७० दशमलव ९ सय ७७ किलोमिटर सड्क खण्डमा काम भइरहेको छ । तर, सुरुवाती बिन्दुबाट ६ दशमलव ५ किलोमिटर खण्डमा भने विवादका कारण काम सुरु हुन नसकेको सेनाले जनाएको छ ।

# मकवानपुरका ६४ जनामा कोरोना संक्रमण पुष्टि

साझाकुरा संवाददाता

हेटौंडा, ७ भदौ/ मकवानपुरका ६४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा थप ५ जनामा कोरोना पुष्टि भएसँगै कुल संख्या ६४ पुगेको हो ।

यो तथ्यांक साउन १ गतेदेखि भदौ ७ गते शुक्रबार दिउँसोसम्मको रहेको जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । जनस्वास्थ्य कार्यालयका अनुसार, कोरोना संक्रमण पुष्टि हुनेमध्ये महिनाको संख्या धेरै छ । यो अवधिमा ४१ जना महिलालाई कोरोना संक्रमण पुष्टि भएको हो ।

यो अवधिमा हेटौंडा उपमहानगरमा १३ पुरुष र २१ महिला गरी ३४ जना, मकवानपुरगढी गाउँपालिकामा ३ पुरुष र ५ महिला गरी ८ जना, बागमती गाउँपालिकामा एक जना पुरुष, कैलाश गाउँपालिकामा एक जना महिला, मनहरी गाउँपालिकामा ३ पुरुष र ३ महिला गरी ६ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

यसैगरी, इन्द्रसरोवर गाउँपालिकामा एक महिला, भीमफेदी गाउँपालिकामा ४ जना महिला, बकैया गाउँपालिकामा ३ पुरुष र ४ महिला गरी ७ जना, राक्सिराङ गाउँपलिकामा एकजना महिला र अन्य जिल्लाका १ महिलामा कोरोना संक्रमण पुष्टि भएको छ । जिल्लामा यो अवधिमा कोरोना संक्रमणका कारण कुनै पनि व्यक्तिको निधन नभएको जिल्ला स्वास्थ्य कार्यालयले जानकारी दिएको छ ।

# बकैयाका पहिरोमा बालिकाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ७ भदौ/ मकवानपुरको पूर्वीक्षेत्रस्थित बकैया गाउँपालिकामा पहिरोमा परेर एकजना बालिकाको मृत्यु भएको छ । बकैया गाउँपालिका-६ की ६ वर्षीया बालिकाको विद्यालयबाट घर फर्कदै गर्दा पहिरोमा मृत्यु भएको हो ।

स्थानीय जनश्रम आधार भूत विद्यालयमा कक्षा १ मा अध्ययनरत शुष्मा थिङको विद्यालयबाट घर फर्कने क्रममा मृत्यु भएको विद्यालयका शिक्षक मिलन भोम्जनले बताए । बिहीबार दिउँसो विद्यालय सकेर घर फर्कने क्रममा ज्यामिरे भन्ने स्थानमा पहिरो खस्दा उनको मृत्यु भएको भोम्जनको भनाई छ ।

विद्यालय टाढा रहेकोले ज्यामिरेदेखि करिब डेढ घण्टासम्म साना नानीबाबु हिँडेर ओहोरदोहोर गर्नुपर्दा दुर्घटनाको सधैं डरहुने शिक्षक भोम्जनको भनाई छ । मकवानपुरमा भौगोलिक विकटताका कारण दुर्गम गाउँक्षेत्रमा विद्यालयन आउजाउ गर्न बालबालिकालाई समस्या परिरहेको छ । सहज सडक सञ्जाल नहुनुले वर्षात्को समयमा बाढी र पहिरोको जोखिम बढी रहेकाले विद्यार्थी असुरक्षित बनेका छन् ।

मकवानपुरको १० वटै स्थानीय तहमा वर्षात्को बेलामा बाढी र पहिरोको जोखिम छ । हेटौंडा, मनहरी, बागमती, मकवानपुरगढी, बकैयामा बाढीको उच्चजोखिम छ । जिल्लाको विकट राक्सिराङ, कैलाश, इन्द्रसरोबर, भीमफेदी गाउँपालिकामा र थाहा नगर पालिकामा बाढी र पहिरो दुवैको जोखिम छ । हेटौंडाका प्राय सबैजसो र मनहरी र मकवानपुरगढीको केही विद्यालयमा मात्रै विद्यार्थी बससेवा प्रयोग गर्छन् ।

# हेटौंडा बसपार्कमा बृद्धमाथि धारिलो हतियार प्रहार

साझाकुरा संवाददाता

हेटौंडा, ७ भदौ/हेटौंडा उपमहानगरपालिका-१० बसपार्कमा धारिलो हतियार दाउ प्रहार हुँदा एकजना गम्भीर घाइते भएका छन् ।

बसपार्क क्षेत्रमा रहेको बीरगञ्ज बस काउन्टर नजिकै भएको घटनमा हेटौंडा-१ चाईनाक्वाटर बस्ने ७१ वर्षीय प्रेमबहादुर कार्की घाइते भएका हुन् । घाइते कार्की र हेटौंडा-१३ पदमपोखरीका ५३ वर्षीय अर्जुन गोम्जाबीच सामान्य विवादले उग्ररुप लिँदा गोम्जाले दाउ प्रहार गरेपछि कार्की घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

दायाँ कानमा गहिरो चोट लागेको कार्कीको उपचारको लागि चितवन पठाइएको छ भने गोम्जालाई हतियार सहित प्रहरीले नियन्त्रणमा लिएको छ ।

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

OPENING SOON
ERKE
Erke brand authorized showroom
D next dress up
हेटौंडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# आफ्नो हराएको एन्ड्रोइड फोनमा रहेका एपहरू कसरी डिलिट गर्ने ?



स्मार्टफोनको प्रयोग तीव्र गतिमा बढिरहँदा फोन चोरीका घटनाहरू पनि उसैगरी बढ्दै गइरहेका छन् ।

हामीले अवश्य पनि आफ्नो फोनको विशेष ध्यान राख्छौं । तर, कहिलेकाही ख्याल गर्दागर्दै पनि फोन हराउन सक्दछ । फोन चोरी भएमा वा हराएमा तपाईं के गर्नुहुन्छ ?

आजको डिजिटल युगमा स्मार्टफोनका प्रयोग केवल फोनकल र सन्देशहरूको आदानप्रदानमा मात्रै सीमित छैन यसलाई भुक्तानीको लागि समेत प्रयोग गरिन्छ ।

स्मार्टफोनमा बैंकिङ एपहरू तथा भुक्तानी एपहरू हुन्छन्, जसको माध्यमबाट अनलाइनबाट रकमको कारोबार गरिन्छ । त्यसैले यस्ता संवेदनशील डेटासहितका फोन चोरी हुँदा वा हराउँदा उक्त फोन हात पार्ने व्यक्तिले फोनमा भएका ती एपहरुको अनधिकृत दुरुपयोग गर्न सक्दछ । यस्तोमा यदि फोन हराइहाल्यो भने के गर्ने त ? तपाईंले चिन्ता मान्नु पर्दैन । तपाईंले अर्को कुनै डिभाइसबाटै आफ्नो हराएको एन्ड्रोइड फोनमा रहेका एपहरू डिलिट गर्न सक्नुहुन्छ। यसका लागि दुईवटा विधि छन् :

**जिमेलको माध्यमबाट स्मार्टफोनका एप हटाउने तरिका**

स्मार्टफोन चोरी भएमा भुक्तानी एप वा अन्य कुनै पनि एपलाई रिमोट तरिकाले डिभाइसबाट हटाउन सकिन्छ । यसको लागि पहिलो तरिका भनेको जीमेल मार्फत डिलिट गर्नु हो ।

**यस्तो छ तरिका** :

- सबैभन्दा पहिला, अर्को डिभाइसमा आफ्नो जीमेल अकाउन्ट लगइन गर्नुहोस् ।
- त्यसपछि माथिल्लो भागको दायाँतर्फको Profile खण्डमा क्लिक गर्नुहोस्।
- Manage your Account अप्सनमा ट्याप गर्नुहोस् र Security मा जानुहोस्
- त्यसपछि Your Device अप्सनमा ट्याप गर्नुहोस
- यसो गर्दा, तपाईंको जिमेल अकाउन्ट कुन डिभाइसमा र कुन लोकेशनमा सक्रिय छ भन्ने जानकारी प्राप्त हुनेछ । यसरी, तपाईलाई आफ्नो उक्त हराएको डिभाइसमा पहुँच प्राप्त हुनेछ । त्यसपछि तपाईंले सो फोनमा रहेका कुनै पनि एपलाई अनइन्स्टल गर्न सक्नुहुन्छ ।

**गुगल प्लेस्टोरबाट स्मार्टफोनका एप डिलिट गर्ने तरिका**

यदि तपाईंको फोन हरायो वा चोरी भयो भने, त्यस डिभाइसबाट कुनै पनि एप हटाउनको लागि अर्को तरिका गुगल प्ले स्टोरको सहारा लिनु हो ।

गुगल प्ले स्टोरमार्फत रिमोट तरिकाले कुनै पनि एप हटाउन सकिन्छ ।

**यस्तो छ तरिका** :

- सबैभन्दा पहिला, कुनै फोनमा गुगल प्ले स्टोरमा आफ्नो अकाउन्ट लगइन गर्नुहोस्
- त्यसपछि पेजमा दिइएको Profile खण्डमा क्लिक गर्नुहोस् ।
- फेरि Manage ट्याब छान्नुहोस् र त्यसमा क्लिक गर्नुहोस्।
- यसो गर्दा, माथिल्लो दायाँतर्फ बक्सको सूची आउनेछ ।
- अब तपाईंले आफ्नो हराएको फोनबाट जुन एपलाई हटाउन चाहनुहुन्छ, त्यसलाई छानेर अनइन्स्टल गर्नुहोस् ।

**स्वास्थ्य**

# मेरो तल्लो पेट दुखिरहन्छ, कारण के हुनसक्छ ?



मेरो तल्लो पेट दुखिरहन्छ, कारण के हुनसक्छ ? यो थुप्रै महिलाको साझा प्रश्न हो । महिलाको तल्लो पेट दुख्ने समस्या किन हुन्छ ? यो प्रश्नको उत्तर खोज्नुअघि 'तल्लो पेट'बारे जान्न जरुरी हुन्छ ।

महिलाको तल्लो पेटमा प्रजनन् स्वास्थ्यका अंगहरु हुन्छन् । जस्तो पाठेघर, अण्डाशय, अण्डाविहीन नली, पिसाबथैली, ठूलो आन्द्रा, एपेन्डिक्स आदि । यी अंगहरुमध्ये कुनैपनि एक अंगमा समस्या भएमा तल्लो पेट दुखेको महसुस हुन्छ । त्यो दुखाइ तीव्र वा मन्द हुनसक्छ । वा कतिपय अवस्थामा हल्का महसुस मात्र हुनसक्छ । असहज लागिरहन्छ तर कहाँ दुखेको वा के दुखेको भनेर भेउ पाउन सकिरहेका हुँदैनन् ।

**तल्लो पेट के हो ?**

तल्लो पेट र माथिल्लो पेट भनेको के हो भनी ठ्याक्कै छुट्याउन गाह्रो छ । सामान्यत नाइटोभन्दा माथिको भागलाई पेट र त्यसभन्दा मुनिको भागलाई तल्लो पेट भनी बुझ्ने गरिन्छ । यद्यपि विशेषगरी प्रजनन् स्वास्थ्यसँग सम्बन्धित अंगहरुको क्षेत्रलाई तल्लो पेट भनिन्छ । सायद त्यसैले होला, पुरुषहरुमा तल्लो पेट भन्ने प्रचलन छैन ।

**तल्लो पेट के-के कारणले दुख्न सक्छ ?**

तल्लो पेट दुख्नुमा एउटा मात्र कारण हुँदैन । महिलाको प्रजनन् अंगमध्ये कुनै एकमा समस्या छ भने दुखाइ महसुस हुन्छ । यस्तो दुखाइ कतिपय अवस्थामा सामान्य हुनसक्छ, जो उपचार नगरी आफैं निको हुन्छ । तर कहिलेकाहीं गम्भीर समस्याको लक्षण पनि हुनसक्छ ।

जस्तो- महिनावारीको बेला पनि तल्लो पेट दुख्छ । महिनावारी चक्र सुरु हुनु केही दिनअघि सो क्रममा र पछि दुख्न सक्छ । यो सामान्य हो । यस्तै डिम्ब उत्पादन हुँदा पनि तल्लो पेट दुख्ने गर्छ । त्यसबाहेक पिसाबको संक्रमण, यौनाङ्गको संक्रमणमा तल्लो पेट दुखेको अनुभव हुन्छ । यी सामान्य अवस्थामा मान्न सकिन्छ । उपचारपछि सहजै ठीक हुन्छ तर कहिलेकाहीं अण्डाशय लगायतमा क्यान्सर भएमा पनि तल्लो पेट दुख्ने गर्छ । त्यसैले दुखाइको आधारमा त्यो सामान्य हो वा जटिल भन्न सकिँदैन ।

दुखाइ कस्तो छ ? यसका किसिम अनि यसका इन्टेसिटी, फ्रिक्वेन्सी, एसासिएसनको आधारमा थप परीक्षणपछि मात्र भन्न सकिन्छ ।

**अब के गर्ने त ?**

निरन्तर तल्लो पेटको दुखाइ मात्रले केही पनि भन्न सकिंदैन । निरन्तर कति महिना वा वर्ष भयो दुखेको ? दुखाइसँगै रक्तश्राव छ कि छैन, सेतो पानी बग्छ कि बग्दैन ? ढाड पनि दुख्छ कि ? यी कुराहरुको आधारमा स्वास्थ्य परीक्षण गर्नुपर्ने हुन्छ । त्यसैले यसमा आत्तिने भन्दा पनि स्वास्थ्य परीक्षणपछि उपचार गराउनु सही हुन्छ ।

**यस्तो अवस्थामा के कस्ता स्वास्थ्य जाँच गर्ने त ?**

यस अवस्थामा पहिलो चिकित्सकले पेट हेर्ने, पेट थिचेर जाँच्ने, योनीमार्ग हेर्ने वा औजार प्रयोग गरेर पाठेघरको मुख हेर्ने, अल्ट्रासाउन्ड (भिडियो एक्स-रे) गर्ने लगायत आवश्यकता अनुसार धेरै रगत, पिसाब वा पानीको परीक्षण गर्नुपर्ने हुनसक्छ । हरेक पेट दुखाइलाई सबै परीक्षण गर्नुपर्छ भन्ने छैन । बिरामीको परीक्षण गरिसकेपछि चिकित्सकलाई आवश्यक लागेको परीक्षण चिकित्सकले सुझाउन सक्छ ।

# साहित्य

**कविता**

## जनताको बहुदलीय जनबाद : राष्ट्र निर्माणको आधार



✍ **मनस्वी चापागाई**
कक्षा-९, हेटौंडा एकेडेमी
हेटौंडा ११ नवलपुर

हिमाल काख कोइली भाका सुनेर रमाऊ
स्वतन्त्र भई जनताको न्याय खोजेर लेराऊ ।
जब ज भए नेपाली हामी स्वतन्त्र हौंउला
उद्देश्य लिई अटल भई चन्द्रमा छौंउला ।

राष्ट्रको दाशी नेपाली हुन् दलाल नहोस्
बहुलवादी समाज खुल्ला जनताको दिल होस् ।
ए बाबु तिमी मदन जस्तै भएर उठन
उनले जस्तै नेपाली दिल बनाउ गठन ।

राष्ट्रको रक्षा युवाले गर्छन् आलो र पालो छ
भ्रष्ट त भए जनताको मन जित्न त गाह्रो छ ।
कानुन शक्ति हातमा नलिई न्यायको आभाष
जनताको आशा जनबादी गरी समय दिइ राख ।

विदेशी पूंजी प्रविधि पनि माटोमै रोपेर
सीपको पनि व्यापार गर विदेशी खोजेर ।
विदेशी नीति सिद्धान्तहरु नक्कल गरेर
विकास गर ए युवा तिमी मैदान झरेर ।

विरोधी मन जितेर छोड गरेर प्रगति
विकास गर विचार धारा पार्टीको उन्नती ।
मदन पनि पढेका थिए भारत गएर
सचेत शिक्षा सम्मान दिए बहुदल ल्याएर ।

समृद्ध सुखी नेपाल पनि बनाउ मिलेर
विदेशी सीप लिएर आउ प्रदेश छिरेर ।
नलुक तिमी बिदेश गई कर्तब्य भूलेर
सुगन्ध छर विकास गर फुलझैं फुलेर ।

**मुक्तक**

## मुस्कानको उपहार

✍ **मानबहादुर तामाङ**

आसुको तालमा पौडदै गुन्जाउछु
तिम्रो नामको चित्कार !!
पाईला अन्तै मोड्यौ,
दिल अन्तै जोड्यौ
फगत् मुस्कानको उपहार !!

## सपथ

एक कान दुई कान मैदान गाइँगुइँ चल्न थाल्यो मन्त्रीज्यूका बारेमा । गाउँको स्कूलको एउटा साधरण मास्टर राजनीतिमा लागेर मन्त्री हुने वित्तिकै कायापलट भयो उनको ।

अहिले के छैन उनीसँग ! श्रीमतिका नाउँमा आलिसानको बङ्गला । सालासालीसम्मका नाउँमा जतातातै घरघडेरी जग्गा । घरमा महँगो गाडी पार्क गरेर राखेको छ । परिवारलाई सरकारी सुविधाका गाडीहरु उपलब्ध छन् । छोराको चुरीफूरी र मैमत्तता निकै बढेको छ । वैक ब्यालेन्स टन्न छ । हिजोको ख्याउटे मास्टरको जीउडाल मन्त्रीभएपछि भ्यागुते भएको छ । यो देखेर टोल छरछिमेक र गाउँबाट मन्त्री भेट्न आउनेहरु सबै छक्क पर्छन् ।

धेरैको मनमा लाग्छ सबै काम छोडेर राजनीतिमा लाग्नु पर्ने रहेछ । कमालको पेशा रातारात लामाल ! अरु त अरु आफ्नै श्रीमती पनि छक्क परेकि छिन् आफ्नो लोग्ने मन्त्री भएदेखिको उत्पात देखेर । गाउँमा मास्टरनी नानी भनेर चिनिने सीदासादा स्वास्नीमान्छे बेलाबेला रेडियो, टिभी र अखबारमा आएका समाचारले झस्किन्छिन् पनि । कतै यस्तै हुने त होइन ! त्यसलाई उनी दूर्दशा ठान्छिन । टोलछिमेकमा चर्चापरिचर्चा बढी नै हुन थाल्यो मन्त्रीज्यूको बद्लदो र उर्लदो जीवनशैलीप्रति ।

मन्त्राणीका कानमा पनि गाँइगुँइ पर्न थाल्यो आफ्नो लोग्नेका बारेमा चलेको चर्चा परिचर्चा । हुन त उनले पहिलेदेखि नै लाग्नेलाई लागार्थिन र बेलाबेलामा सोध्ने गर्थिन "हैन कहाँबाट आउँछ रातारात मुठाका मुठा ! अति गर्नु तर अतिसारो गर्नु त राम्रो हुदैन नि भोली फन्दामा परिएला ! भन्नेबेलामा देशर जनताको निस्वार्थ सेवा गर्छू भन्ने गर्ने बेलामा रातारात यस्तो लुटपात गर्ने ।"

मन्त्रीज्यू उल्टो लघार्थे "नकरा तँ । म के गर्दैछु मलाइ थाह छ । ममात्र मंगलग्रहबाट आएको हु र ! तँ गोज्याङ्गी यस्ता कुराहरु बुझ्दिनस् चुपलाग ।" भोलीपल्ट अचानक मन्त्रीमण्डल विघटन भयो। विघटित मन्त्रीमण्डलका सदस्यहरुको सम्पत्ति छानविन अख्तियारले गर्ने समाचारसँग भ्रष्टाचारमा यीनै मन्त्रीको नाउँ सबैभन्दा पहिलो नम्बरमा आयो ।

मन्त्राणी अत्तालिदै मन्त्रीलाई सुनाउन आइन - "मैले त भनेको हो नि उ अब अख्तियारले समाउने भयो । अब कसरी मुख देखाउनु यो समाजमा । जति सोधे नि कहिल्यै भन्नु भएन । मसँगै लुकाउनु भो । जति कराए नि कहिल्यै मान्नु भएन । अब के गर्ने हे भगवान् !"

श्रीमतीको अत्याहटबाट अलिकति पनि विचलित नभइ मन्त्रीले गम्भीर र शान्त मुद्रामा जवाफ दिए - "नकारा केही हुदैन । यस्ता समाचार त मन्त्रीमण्डल परिवर्तन हुदैपिच्छे सधैं आउछन् अलिपछि आफैं हराउँछन् । बाँकी रफयो मैले तँलाईसमेत नभन्नुको कारण चाँही मन्त्री हुँदा पद तथा गोपनियताको सपथ खाएको हुनाले मैले आफनै श्रीमतीसँग समेत पद अनुरुपको गोपनीयता भंग नगरेर इमान्दारीता निभाएको हु ।"

**लघुकथा**

✍ **शिव प्रकाश**

**कविता**

## अनुशासन



✍ **अभिनव दत्त**
कक्षा : ८, नवोदय शिशु सदन

नियमको पालना गर्नुलाई नै
भनिन्छ अनुशासन
जसकोमा निर्भर गर्छ
पुरै जीवनको शासन

यदि दिनमा घाम लाग्दैन
न त चन्द्रमा रातमा चम्किन्छ
मौसमहरुले आफ्नो आदेश बिर्सिए पनि
नदीहरुल पनि आकाश हुन्छन् ।

प्रकृति सधैं अनुशासित रहन्छ
नियमलाई गर्छ परिभाषित
मानिसलाई दिन्छ ज्ञान
अनुशासनको गरौं पालना

**कविता**

## समाज



✍ **सत्स सुवेदी**
कक्षा : ६, नवोदय शिशु सदन

व्रतबन्ध र गुन्योचोलो यी हाम्रा परम्परा
मुख धुने उठेर यी हाम्रा संस्कार सारा
सबैलाई सहयोग गरी राम्रो सम्बन्ध राख्ने
केही सामान नहुँदा ऐंचो पैंचो गरी माग्ने

आउनुहोस् सबैजना मिलेर काम गरौं
एक राम्रो समाज भई अगाडि बढौं
समाजका लागि जिम्मेवार भई
समाजलाई विकातर्फ अघि बढाई

ठुलो होस् या सानो सम्मान गरौं सबैलाई
मिलेर बसौं मिलेर खेलौं दाजु होस् या भाइ
तामाङ, मगर, नेवार धेरै छन् जात
जस्तो जात भएपनि दिनुपर्छ सबैको साथ

# चित्रकला




**कृतिशा सापकोटा**
कक्षा-९, हेटौंडा एकेडेमी




**रुवी विश्वकर्मा**
कक्षा-६, हेटौंडा एकेडेमी

### आँबुखैरेनीमा बस दुर्घटना :

# मर्स्याङ्दी किनारमा २७ भारतीय पर्यटकको अवसान


Photo : APF

पोखरा/भैरहवा, पोखरा हुँदै पशुपतिनाथसम्म यात्रामा निस्किएका भारतीय पर्यटक सवार बस आँबुखैरेनीमा दुर्घटना हुँदा २७ जनाको मृत्यु भएको छ ।

भारतको गोरखपुर हुँदै नेपालको धार्मिकस्थल घुम्न निस्केका पर्यटकहरु सवार बस तनहुँको आँबुखैरेनी गाउँपालिका वडा नम्बर २ ऐना पहरा नजिकैबाट मर्स्याङ्दीमा खसेको हो ।

चार धाम (बद्री, केदार, गया, काशी) घुमेर फर्किएपछि नेपाल घुम्न निस्किएका ९६ जनाको टोली पोखरा आइपुगेको थियो । नेपालको प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथदेखि पशुपतिनाथसम्म दर्शन गर्ने योजनाअनुरुप यूपी ५३ एफटी ७६२३ नम्बरको बस भदौ ४ गते बेलहिया नाकाबाट ८ दिनको रुट परमिट लिएर नेपाल भित्रिएको थियो ।

पोखराको होटल स्पोर्ट्स र पोखरा इन होटलमा बाँडिएर बसेका उनीहरु २ दिन पोखरा घुमेर मुक्तिनाथ भने गएनन् । शुक्रबार बिहानै पशुपतिनाथ दर्शन गर्न काठमाडौं लागे । भारतको इलाहवादका प्रशान्त भंगाडे भन्छन्, 'चार धामको तीर्थयात्रा गरियो, त्यसपछि नेपालका धार्मिकस्थल घुमेर फर्किने योजना बनाइयो । तर सबैजना हुन त पाएनौं, आँखामा टिलपिल आँसु लिएर फर्किनुपर्ने भयो ।'

भारतको महाराष्ट्रदेखि इलाहबाद हुँदै सँगै तीर्थ यात्रा र नेपालको भ्रमण गरेर रोमाञ्चित भएर फर्किने योजनासहित दुई गाडीमा पोखराबाट काठमाडौं लागेका उनीहरु चढेको एउटा गाडी आँबुखैरेनी त्रिशुली नजिकै मर्स्याङ्दीमा खसेको हो ।

गाडीमा सवार ४३ मध्ये १६ जनाको उपचार भइरहेको छ । उनीहरुमध्ये धेरैको अवस्था चिन्ताजनक छ । २७ जनाले ज्यानै गुमाएका छन् । आँबुखैरेनी-२ को ऐनापहाराभन्दा १ सय मिटर वरको घुम्ति कट्नेबित्तिकै सिधा बाटो आउनेबेलामै सडक सुरक्षाका लागि क्र्यास ब्यारिएर भत्काउँदै मर्स्याङ्दीमा खसेको हो ।

गोरखपुरबाट केशरवानी परिवहन ट्राभल्सबाट यात्री र चालक, सहचालकसहित नेपाल छिरेका उनीहरु सबैसँगै घर फर्किन त पाएनन्, बाँचेकाहरुलाई पनि जीवनभर नमेटिने घाउ लागेको छ ।

अहिले शवलाई आँबुखैरेनी अस्पतालमै पाल ओछ्याएर राखिएको छ । अर्को गाडीमा रहेका आफन्त कोही अस्पताल त कोही बाहिर आलापबिलाप गरिरहेका छन् ।

दुर्घटना लगतै उद्धार सुरु गरिएको थियो । त्यसमध्ये पनि बाँच्न सक्ने आशमा १६ जनालाई नेपाली सेनाको हेलिकप्टरमार्फत २ खेप लगाएर उपचारका लागि काठमाडौं पठाइएको तनहुँका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले जानकारी दिए ।

'भारतीय पर्यटन चढेको गाडी मर्स्याङ्दीमा खसेको खबरले बिहानैदेखि विक्षिप्त त बनाएकै थियो, तर यति ठूलो क्षति होला भन्ने थिएन,' तनहुँका सिडिओ गौतमले भने, 'दिनभर लगाएर सबैको उद्धार त गऱ्यौं तर २७ जनालाई बचाउन सकेनौं ।' पछिल्लो समय पोखरामात्रै होइन, नेपालकै पर्यटन क्षेत्रमा ठूलो योगदान भारतीय पर्यटकले दिइरहेका छन् ।

आफ्नै गाडी लिएर नेपाल आउने क्रम बढिरहेका बेला भएको घटनाले नेपाललाई ठूलो आर्थिक क्षति पुग्ने देखिएको र भारतलाई यो घटनाले विक्षिप्त बनाएको उनको भनाइ थियो । दुर्घटनाको खबरसँगै भारतीय दूतावासले पनि चासो देखाउँदै घटनास्थलमै उपस्थित भएर समन्वय रहेको उनले बताए ।

घाइते र मृतकलाई आँबुखैरेनी अस्पताल लगिएको थियो । घाइतेलाई नेपाली सेनाको हेलिकप्टरमार्फत उपचारका लागि शिक्षण अस्पताल पठाइएको छ ।

मृत्यु हुनेहरुको शव पोस्टमार्टमका लागि पोखरा कि भरतपुर लैजाने भन्ने लामो समय निर्णय हुन सकेको थिए । भारतीय कन्सुरल कार्यालय समेत रहेकाले पोखरामा पोस्टमार्टम गरेर शव आफन्त तथा परिवारलाई बुझाउने भनिएपनि नजिक पनि भएकाले भरतपुर लैजाने निर्णय भएको तनहुँका सिडिओ गौतमले जानकारी दिए ।

भरतपुरमा शनिबार पोस्टमार्टम गरेर शव बुझाउने तयारी भएको उनले जानकारी दिए ।

घाइतेमध्ये पहिलो खेपमा १२ र पछिल्लो खेपमा ४ जना काठमाडौं पठाइएको छ । यात्रामा निस्किएका प्रशान्तले जीवनको उत्कट चाहना पूरा गर्न र पुण्य कमाउन आएकोमा जीवनभर नमेटिने घाउ लिएर फर्किनुपरेकोमा आँसु झारिरहे ।

गम्भीर घाइते भएर पुरानो मेडिकल चितवन पठाएका एक जनालाई बचाउन सम्भव भएन । उनको शव भरतपुरमै छ । मृत्यु भएकामध्ये २६ जनाको पहिचान भएको छ भने १ जनाको पहिचानसमेत खुल्न नसकेको सिडिओ गौतमले बताए । छरछिमेक र चिनेजानेको साथीसंगी समेत मिलेर महाराष्ट्रदेखि विभिन्न ठाउँमा पर्यटक नेपाल घुम्दै विभिन्न धार्मिकस्थलसमेत घुम्ने योजनासहित आएका थिए ।

पृथ्वी राजमार्गबाट नपत्याउँदो ठाउँमा मर्स्याङ्दीमा गाडी खसेको आँबुखैरेनी गाउँपालिका अध्यक्ष शुक्र चुमानले जानकारी दिए । 'घटनास्थल दुर्घटना हुने सम्भावित अप्ठ्यारो सडकमा पर्दैन । घुम्ति कटेर सिधा बाटो लाग्ने ठाउँबाट बस खसेको देखिन्छ' चुमानले भने, 'तीव्र गतिका कारण बस दुर्घटना भएको हुनसक्ने अनुमान गरिएको छ । घुम्ती कटेर सिधा बाटो लागिसक्दा तीव्र गतिका कारण बस अनियन्त्रित हुन सक्ने अनुमान गर्न सकिन्छ ।'

गाडी त्रिशुलीमा खसेको लामो समयसम्म उनीहरुको विवरण पत्ता लगाउन सरकारी संयन्त्रलाई आपत परेको थियो । कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी गंगाबहादुर क्षेत्रीकाअनुसार सडकमार्ग हुँदै नेपाल घुम्न आउने पर्यटकको एकीन विवरण राख्ने संयन्त्र नहुँदा अप्याठेरो परेको सुनाए ।

'प्रवेश गर्ने हरेक पर्यटकीय गाडीको यकिन रेकर्ड राख्न सकेको भए तुरुन्त पहिचान हुन सक्थ्यो तर त्यस्तो व्यवस्था नहुँदा धेरै समय लाग्यो,' सहायक सिडिओ क्षेत्रीले भने, 'नेपाल कति र कोको पर्यटक भित्रिए भन्ने विवरण कम्तिमा प्रदेश प्रदेशको नाका मात्रै रेकर्ड राख्न सकियो भने पनि धेरै सहज हुने यो घटनाबाट शिक्षा लिन सकिन्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# पलको नक्कली दाह्रीलाई लिएर उठेको प्रश्नमा के भन्छन् सुदर्शन ?




काठमाडौं/फिल्ममा कलाकारको लुक्स महत्वपूर्ण मानिन्छ । किनकि, लुक्सले पात्रको चरित्रलाई दर्शाउने काम गर्छ । यसैले कतिपय फिल्ममा कलाकारहरूलाई फरक चरित्रमा ढाल्न नक्कली दाह्री, जुँगा र कपालको प्रयोग गरिन्छ । यो विश्वमै हुन्छ । तर, यसको प्रयोग गर्दा नक्कली देखियो वा देखिएन भन्ने कुरा सबैभन्दा महत्त्वपूर्ण रहन्छ । अनुहारमा टाँसेको जस्तै देखियो भने त्यसको औचित्य रहँदैन ।

यतिबेला अभिनेता पल शाहले फिल्म 'रावायण'मा लगाएको दाह्री, जुँगा र कपालको गेटअपलाई लिएर टिका-टिप्पणी भैरहेको छ । फिल्मको टिजर र गीतको कमेन्ट हेर्ने हो भने धेरैले पलको दाह्री रत्नपार्कबाट ल्याएको भन्दै खिसिटिउरी गरेका छन् । अर्थात् दाह्री-जुँगाको गुणस्तरमाथि प्रश्न उठेको छ । बिहीबार ट्रेलर सार्वजनिक कार्यक्रममा निर्देशक सुदर्शन थापाले यस विषयमा प्रतिवाद गरे ।

'हामीले पललाई त्यसरी दाह्री-जुँगामा कहिल्यै देखेका छैनौं । उसको त्यसरी दाह्री पनि आउँदैछ । त्यसैले मानिसमा उसले नक्कली दाह्री नै हालेको हो भन्ने परेको छ । तर, मलाई चाहिँ पलको दाह्री नभएको भन्दा भएको लुक्स नै एक्दम मनपर्छ । दाह्रीको लुक्स बनाउनका लागि धेरै मिहिनेत छ,' उनले भने । सुदर्शनले पलले लगाएको दाह्री र कपाल भारतमा तयार पारिएको जानकारी दिए ।

'हामीले दाह्री-कपाल जस्तो पायो त्यस्तो हालेकै होइन । युट्युबको कमेन्टमा धेरैले रत्नपार्कबाट ल्याएको दाह्री हालेको भनेर लेखेको पनि देखेको छु,' सुदर्शनले दर्शकको प्रतिक्रियालाई काउन्टर दिँदै भने, 'यदि 'भोला' (२०२३ मा आएको बलिउड फिल्म)मा अजय देवगनले रत्नपार्कको दाह्री हालेको हो भने पलले पनि त्यहींको दाह्री हालेको हो । किनभने हामीले त्यहींबाट दाह्रीहरु ल्याएका हौं ।'

फिल्मका अर्का कलाकार प्रमोद अग्रहरीलाई पनि केही सिनमा नक्कली दाह्री लगाएको तर कसैले प्रश्न नउठाएको उनको भनाई छ । 'पाँचवटा जति सिनमा हामीले प्रमोद अग्रहरीलाई पनि नक्कली दाह्री लगाएका छौं । तर, उहाँलाई नक्कली दाह्री लगाएको भनेर भनिएन । किनकि, धेरैलाई थाहा छ कि प्रमोदको दाह्री छ । पलको त्यसरी दाह्री नआउने भएकाले त्यस्तो लागेको हो,' उनले भने ।

पलले भने नक्कली दाह्री-जुँगाको विषयलाई सकारात्मक रुपमा लिन आग्रह गरे । उनी भन्छन्, 'यसमा दोहोरो चरित्र भएकाले दाह्री भएको कलाकार भए पनि 'क्लिनसेभ' गरेरै नक्कली दाह्री हाल्नुपर्थ्यो । किनकि, एउटामा दाह्री छ र अर्कोमा दाह्री छैन । यसैले यो कुरालाई सकारात्मक रुपमा नै लियौं । त्यति नराम्रो देखिएको छ जस्तो पनि लाग्दैन ।' फिल्ममा उनी दोहोरो चरित्रमा प्रस्तुत छन् ।

*(फिल्मीखबर)*

# 'लाज शरणम्'बाट कक्रोजको फिल्ममा डेब्यु निश्चित




काठमाडौं/चर्चित हास्य श्रृंखला 'सक्किगोनि'को टिम अब फिल्म निर्माणको तयारीमा छ । 'लाज शरणम्' शीर्षकमा बन्न लागेको फिल्मको केही समयदेखि वर्कसप चलिरहेको छ । यही भदौ अन्तिम साताबाट छायांकन गर्न लागिएको फिल्ममा कलाकारको 'लाइनअप' बलियो बनाइएको छ । विशेषगरी 'सक्किगोनि' सिरियलबाट दर्शकलाई हँसाउँदै आएका कलाकारलाई नै केन्द्रीय भूमिकामा लिइएको छ ।

कुमार कट्टेलको निर्देशनमा तयार हुन लागेको फिल्ममा अर्जुन घिमिरे (पाँडे), मुकुन्द श्रेष्ठ, विजय बराल, महेश त्रिपाठी, कमलमणी नेपाल (खुपीका बाउ), रेनुनाथ योगी, सागर लम्साल (बले), बबिन राई (गल्फने बाजे), प्रियना आचार्य (मुन्नी), माला लिम्बू लगायत अनुबन्ध भइसकेका छन् । अब अर्का कलाकार हरिश निरौला (कक्रोज)को पनि प्रवेश भएको छ । यो उनको डेब्यु फिल्म हुनेछ ।

निर्देशक कट्टेलकै लेखन रहेको फिल्ममा अभिनेता सिताराम कट्टेल (धुर्मुस)को पनि प्रवेश हुन लागेको चर्चा छ । कुमारले यतिबेला सितारामसँग छलफल गरिरहेका छन् । आगामी फागुन १४ गते अर्थात् महाशिवरात्रीमा प्रदर्शन गर्न लागिएको फिल्मको निर्मातामा नवीन श्रेष्ठ तथा सह-निर्मातामा राम नरेश शाह रहेका छन् । फिल्मले सामाजिक कथालाई हाँस्य शैलीमा प्रस्तुत गर्ने जनाएको छ ।

# साउनमा ६० हजार नेपाली कामको खोजीमा विदेशिए, मलेसिया जाने घटे



काठमाडौं/चालु आर्थिक वर्षको पहिलो महिना साउनमा करिब ६० हजार नेपाली रोजगारीको खोजीमा विदेशिएका छन् ।

वैदेशिक रोजगार विभागका अनुसार चालु आव २०८१/८२ साउनमा श्रम स्वीकृति लिएर ५९ हजार ५५० जना नेपाली वैदेशिक रोजगारीमा गएका छन् । यो अघिल्लो आर्थिक वर्षमो तुलनामा केही बढी हो । अघिल्लो आर्थिक वर्षको साउनमा ५५ हजार ५७५ श्रमिक विदेश गएका थिए ।

साउनमा २५ हजार पाँच सयले संस्थागत रूपमा र १० हजार ७ सय ५३ जनाले व्यक्तिगत श्रम स्वीकृति लिएर गएको विभागले जनाएको छ । त्यस्तै जीटूजी मार्फत ६६८ जना गएका छन् ।

साउनमा ५१ हजार ४३० जना पुरुष र ८ हजार ११४ जना महिला वैदेशिक रोजगारीमा गएको विभागको तथ्यांक छ । यो नयाँ र पुन: श्रम स्वीकृति लिएर जाने श्रमिक दुवैको संख्या हो ।

**मलेसिया जाने घटे**

वैदेशिक रोजगारीका लागि मलेसिया जाने नेपालीको संख्या भने घटेको छ । साउनमा मलेसियामा १ हजार ३४४ जना गएका छन् । यो कोभिड-१९ पछि अहिलेसम्मै ठूलो गिरावट हो । अघिल्लो आर्थिक वर्षको साउनमामात्र ९ हजार २३८ जना श्रमिक रोजगारीको खोजीमा मलेसिया गएका थिए । गत मार्चमा मलेसियाले आप्रवासी श्रमिक लैजान कटौती पछि यो संख्यामा कमी आएको हो ।

विभागका निर्देशक गुरुदत्त सुवेदीका अनुसार साउनमा सबैभन्दा धेरै यूएई गएका छन् । साउनमामात्रै यूएईमा १७ हजार ५४१ गएका छन् । दोस्रोमा साउदी अरेबियामा ११ हजार ८०९, तेस्रोमा कतार ११ हजार ७८५ गएका छन् ।

त्यस्तै कुवेतमा ४ हजार ६९५ रोजगारीको खोजीमा गएका छन् भने जापानमा १ हजार ४७२ र दक्षिण कोरियामा ८१२ जना गएका छन् । यो संख्या नयाँ श्रम स्वीकृति र पुन: श्रम स्वीकृति लिने दुवै हो ।

**युरोपा जाने बढे**

साउनमा युरोपमा जाने नेपालीको संख्या पनि उल्लेख्य देखिन्छ ।

विभागका अनुसार रोमनीयमा सबैभन्दा धेरै नेपाली रोजगारीका लागि गएका छन् ।

साउनमा रोमनियामा २ हजार २९८ जना वैदेशिक रोजगारीमा गएका छन् । क्रोएसियामा १ हजार १३८ जना, साइप्रस ७ सय, माल्टा २३९, पोर्चुगलमा १५६, पोल्यान्डमा ५० जना गएको विभागको तथ्यांक छ ।

# बढ्न सकेन निजी क्षेत्रमा उत्साह, साउनमा घट्यो वैदेशिक व्यापार




काठमाडौं/पछिल्लो दुई आर्थिक वर्षदेखि अर्थतन्त्रमा देखिएको शिथिलता चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो महिना साउनमा पनि कायम देखिएको छ । आयातमाा निर्भर नेपाली अर्थतन्त्रमा आवको पहिलो महिनामा आयात र निर्यात अघिल्लो वर्षको तुलनामा घटेको छ ।

ठूला दुई राजनीतिक दल नेपाली कांग्रेस र नेकपा एमालेबीच ७ बुँदे सहमति सहित असार अन्तिममा बलियो सरकार गठन भएको थियो । जसबाट निजी क्षेत्र र व्यवसायीको मनोबल बढेको र अर्थतन्त्रमा सुधार देखिएको दाबी प्रधानमन्त्री र अर्थमन्त्रीले गर्दै आइरहेका छन् । तर, भन्सार विभागले प्रकाशित गरेको साउनको वैदेशिक व्यापारको तथ्यांकले भने आयात र निर्यात दुवैमा संकुचन भएको देखाएको छ ।

चालु आवको साउनमा १ खर्ब २८ अर्ब ३७ करोड ७१ लाखको वस्तु आयात हुँदा १२ अर्ब २२ करोड ६१ लाख रुपैयाँ बराबरको वस्तु निर्यात भएको भन्सार विभागले जनाएको छ ।

गत आर्थिक वर्ष २०८०/८१ को यसै महिनामा १ खर्ब २९ अर्ब २३ करोड ९० लाख रुपैयाँको वस्तु आयात भएकोमा चालु आवको साउनमा ०.६७ प्रतिशतले कमी आएको हो ।

यस्तै गत आवको साउनमा १३ अर्ब ५२ करोड ८७ लाखको वस्तु निर्यात भएकोमा चालु आवमा ९.६३ प्रतिशतले घटेको हो । आयात र निर्यात दुवैमा संकुचन आउँदा कुल वैदेशिक व्यापार घटेको छ । तर, आयातको तुलनामा निर्यातको गिरावट उच्च हुँदा व्यापार घाटामा भने सामान्य वृद्धि भएको छ ।

व्यापार घाटा ०.३८ प्रतिशतले वृद्धि भई १ खर्ब १६ अर्ब १५ करोड १० लाख पुगेको छ । आर्थिक वर्ष २०८०/८१ को साउनमा १ खर्ब १५ अर्ब ७१ करोड ३ लाख व्यापार घाटा थियो । कुल वैदेशियक व्यापार भने १.५२ प्रतिशतले कमी आई १ खर्ब ४० अर्ब ६० करोडमा झरेको छ । गत आवको साउनमा १ खर्ब ४२ अर्ब ७६ करोड ७६ लाख थियो ।

निर्यातमा करिब १० प्रतिशतले गिरावट हुँदा आयात-निर्यात अनुपात पनि ९.५५ प्रतिशतबाट १०.५ प्रतिशत पुगेको छ । यस्तै वैदेशिक व्यापारमा निर्यातको हिस्सा ९.७८ प्रतिशतबाट घटेर ८.७० प्रतिशतमा आउँदा आयातको हिस्सा ९०.५२ प्रतिशतबाट पनि वृद्धि भई ९१.३० प्रतिशत पुगेको छ ।

आयात र निर्यात दुवैमा संकुचन भएपनि साउनमा भन्सार राजस्व भने बढेको छ । गत आर्थिक वर्षको साउनमा ३२ अर्ब ३३ करोड ७३ लाखभन्सार राजस्व संकलन भएकोमा चालु आर्थिक वर्षको साउनमा ३४ अर्ब ४६ करोड ९७ लाख रुपैयाँ राजस्व संकलन भएको छ । गत वर्षको तुलनामा राजस्वमा ६.५९ प्रतिशतले सुधार भएको हो ।

**पेट्रोलको बढ्दा घट्यो डिजेलको आयात**

साउनमा २१ अर्ब ६६ करोड ९० पेट्रोलियम पदार्थ (इन्धन) आयात भएको छ । गत आर्थिक वर्ष २०८०/८१ को साउनमा २१ अर्ब ९८ करोड ४५ लाखको आयात भएको पेट्रोलियम पदार्थको आयात चालु आवमा घटेको छ ।

साउनमा ६ अर्ब ९८ करोड ७२ लाख रुपैयाँको डिजेल ५ अर्ब ६९ करोड ३५ लाखको पेट्रोल र ४ अर्ब ८२ करोड ६७ लाखको खाना पकाउने एलपी ग्याँस आयात भएको हो । चालु आवमा पेट्रोलको आयात बढे पनि डिजेलको आयात भने घटेको छ ।

पेट्रोलियम पदार्थपछि मेसिनरी र त्यसका पार्टपुर्जा १० अर्बको आयात भएको छ । त्यस्तै विद्युतीय उपकरण र तयसको पार्टपुर्जा ९ अर्ब ६४ करोडको आयात भएको हो । फलाम र त्यसबाट बनेका र स्टिलको आयात ९ अर्ब ६३ करोड, गाडीको आयात ६ अर्ब ४९ करोड र कृषिका लागि मलखादको आयात ६ अर्ब १८ करोडको भएका भन्सार विभागले जनाएको छ ।

निर्यात तर्फ कार्पेट र अन्य टेक्सटाइलहरू १ अर्ब १८ करोडको निर्यात भएको छ । फलाम र स्टिलजन्य उत्पादन १ अर्ब १० करोडको निर्यात हुँदा चिया-कफी लगायतका उत्पादन ९४ करोडको निर्यात भएको भन्सार विभागको तथ्यांक छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'स्त्री २'को चुनौतीबीच प्रदर्शनमा उत्रिए 'सतीदेवी' र 'नमेटिने घाउ'




काठमाडौं/गत हप्ता प्रदर्शनमा आएको बलिउड फिल्म 'स्त्री २'ले भारतमा त आक्रामक व्यापार गरेको छ नै, नेपालमा पनि कमजोर देखिएको छैन । देशकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले एक हप्ता पनि नवित्दै फिल्मलाई 'सुपरहिट' घोषणा गरिसकेको थियो । यसले पनि नेपालमा फिल्मको व्यापार कस्तो छ भन्ने देखाउँछ । फिल्मले नेपालका हलमा अझै केही दिन पकड कायम राख्ने निश्चित छ ।

हलमा 'स्त्री २'को वर्चश्व देखिरहँदा शुक्रबारबाट दुईवटा नेपाली फिल्म 'सतीदेवी' र 'नमेटिने घाउ' प्रदर्शनमा उत्रिएका छन् । यी दुई फिल्मलाई 'स्त्री २' नै ठूलो चुनौती हो । यो अवस्थामा दुवै फिल्मलाई बलियो 'माउथ पब्लिसिटी'को आवश्यकता पर्नेछ । एड्भान्स बुकिङ दुवैको कमजोर देखिएको थियो । बिहानी शो पनि अपेक्षाकृत भएन । अब दिउँसोबाट गति लिन सक्ने अपेक्षा गरिएको छ ।

'सतीदेवी'का निर्देशक लक्ष्मण सुवेदी हुन् । रंग पत्रकारिता हुँदै निर्देशनमा होमिएका उनले फिल्ममा छोरीप्रति गरिने विभेदको कथा उठाएका छन् । यो विषयले विशेषगरी महिलाहरुलाई आकर्षित गर्न सक्ने देखिन्छ । निर्देशक सुवेदीको अपेक्षा यही हो । फिल्मको केन्द्रीय भूमिकामा अभिनेत्री मलिका महत छिन् । मंगलबार गरिएको प्रिमियरमा उनको अभिनय क्षमताको वाहवाही भएको थियो ।

'नमेटिने घाउ'लाई भने अभिनेता रमित ढुंगानाले निर्देशन गरेका हुन् । उनको यो डेब्यु निर्देशकीय फिल्म हो । एसिड पीडितहरुको कथामा बनेको फिल्ममा प्रधानमन्त्री केपी शर्मा ओली, पूर्व प्रधानमन्त्री माधव कुमार नेपाल लगायतका नेताहरुको पनि अभिनय छ । मुस्कान खातुन, रचना गौतम, प्राप्ति पौडेल, इभा गिरी लगायतको शीर्ष भूमिका रहेको फिल्ममा शिवम् अधिकारीको लेखन छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# नेता दाहालले किने महाबीर पुनका एकसय पुस्तक

साझाकुरा संवाददाता

हेटौंडा, ७ भदौ/राष्ट्रिय आविष्कार केन्द्रलाई सहयोग गर्ने उद्देश्य सहित नेपाली काग्रेस मकवानपुरका नेता प्रभातकुमार दाहाले महाबीर पुनका एकसय पुस्तक खरिद गरेका छन् ।



बीरगञ्जमा रहेको कृषिऔजार कारखाना सञ्चालनको उद्देश्य लिएर देशव्यापी पुस्तक बिक्रीमा रहेका पुनको १ सय थान पुस्तक दाहालले शुक्रवार खरिद गरेका हुन् । ७५० रुपैयाँ नेपाली मूल्य रहेको पुस्तक बिभिन्न पुस्तकालय, किताब खरीद गर्नबाट छुटेका व्यक्तिलाई अध्ययनका लागि दिने सोच रहेको नेता दाहालले बताए । यसै आफ्नो व्यक्तिगत खर्चलाई कटाएर नेपालमै केही गरौं भन्ने युवापंक्तीलाई अध्यनका लागि दिने सोच रहेको उनले बताए ।

नेपाल र नेपालीका लागि केही गर्छु भन्दै देशभर हिडीरहेका पुनलाई हाम्रो तर्फबाट पनि हौसला दिनुपर्ने सोच सहित करिब ७५ हजार रुपैयाँको लागतमा पुस्तक गरीद गरेको नेता दाहालले बताए । किताब किनेर बाँढ्ने भन्ने होइन यसका विषयबस्तु राष्ट्रका लागि बैज्ञानिक पुनले गरेको योगदानबाट यहाँका युवापुस्ताले केही सिक्न जरुरी छ, त्यो सिकाई पुस्तकबाट हुने बिश्वाश आफूमा रहेको नेता दाहालले बताए ।

किताब खरिद गरेका दाहाललाई पुस्तक हस्तान्तरण गर्दै युवापंक्तिमा यो खालको सोच हुन जरुरी रहेको बताए । सरकारले २०४९ सालमा बन्द गरेको कृषिऔजार कारखानामा आबिष्कार केन्द्रको १ करोड रुपैयाँ मर्मतको क्रममा फसीसकेको छ त्यहाँबाट नेपाली माटो सुहाँउदो कृषिऔजार उत्पादलाइ अघि बढाउनका लागि पुस्तक बिक्री अभियान थालेको बैज्ञानिक पुनले बताए ।

मर्मतको जिम्मेवारी दिएर काम गरियो केन्द्रको १ करोड सरकारले दिने सम्भावना नदेखेपनि हामी आफैं कारखाना सञ्चालनको क्रममा होमिएको उनले बताए । देशभर देखिएको म र मेरो कामप्रतिको हौसलाले करिब २० करोड रुपैयाँ कारखाना सञ्चालनका लागि संकलन हुने अपेक्षा आफूले गरेको बताए ।

# हात्तिलेटमा श्रीकृष्णलिला र झुला कार्यक्रम सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ७ भदौ/हेटौंडा उपमहानगरपालिका-६ हात्तिलेटस्थित नीलकण्ठेश्वर महादेव मन्दिरमा शुक्रबारबाट श्रीकृष्णलिला प्रवचन एवम् झुला सुरु भएको छ ।

नीद्दलकण्ठेश्वर महादेव मन्दिर विकास समितिका अध्यक्ष भोलानाथ दुलालको सभाध्यक्षता तथा नेपाली कांग्रेस बागमती प्रदेशसभापति एवम् बागमती प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँको प्रमूख आतिथ्यतामा ४ दिने श्रीकृष्णलिला प्रवचन एवम् झुला कार्यक्रमको उद्‌घाटन गरिएको हो । प्रवचन एवम् झुला कार्यक्रमको दीपप्रज्ज्वलन गरेर उद्‌घाटन गर्दै नेता बानियाँले अन्याय, अत्याचार र राक्षसी प्रवृत्तिबाट सम्पूर्ण मानवरक्षा गर्न भगवान् विष्णुको आठौं अवतारका रुपमा जन्मनुभएका श्रीकृष्णको लिला उत्कृष्ट रहेको बताउँदै भगवान श्रीकृष्णले आजीवन सत्यको पक्षमा रही सत्कर्मका लागि मानव समुदायलाई प्रेरित गरेको बताए ।

आ-आफ्नो आस्थाको प्रतीक र धर्मसंस्कृतिको रक्षा गर्नु हामी सबै नेपालीको दायित्व रहेको बताउँदै नेता बानियाँले नेपाल भूमिमा श्रीकृष्णलिला प्रवचन र झुलाको धार्मिक र सांस्कृतिक परम्पराको एक उत्कृष्ट नमूना रहेको बताए । त्यसैगरी विशिष्टअतिथि बागमती प्रदेश सरकारका संस्कृति पर्यटन तथा सहकारी मन्त्री बिमल ठकुरीले कुरुक्षेत्रमा कौरवहरुसँगको लडाईंमा संलग्न पाण्डवमध्येका अर्जुनलाई उपदेश दिनेक्रममा स्वयम् श्रीकृष्णका मुखारविन्दबाट व्यक्त 'श्रीमद्‌भगवद्‌गीता' पवित्र ग्रन्थ रहेको बताउँदै हिन्दु धर्म र संस्कृतिको सम्बर्द्धन र प्रवर्द्धनमा आफू सदैव लाग्ने प्रतिवद्धता ब्यक्त गरे ।

कार्यक्रममा हेटौंडा-६ का कार्यबाहक वडाअध्यक्ष विजय पौडेल, पूर्ववडाअध्यक्ष अर्जुनप्रसाद चौलागाई, विकास समितिका सदस्य सरदकुमार श्रेष्ठले मन्तव्य व्यक्त गरेका थिए । भदौं १० गते श्रीकृष्णअष्टमीसम्म चारदिन संचालन हुने श्रीकृष्णलिला प्रवचन र झुलाको पण्डित बासुदेव आचार्यले प्रवचन दिने कार्यक्रम छ ।

# हेटौंडा-१७ बालमैत्री घोषणा



साझाकुरा संवाददाता

हेटौंडा, ७ भदौ/यसै आर्थिक वर्षमा हेटौंडा उपमहानगर पालिकालाई बालमैत्री पालिका घोषणाको अभियानमा हेटौंडा-१७ थपिएको छ । शुक्रबार 'बालश्रममुक्त, बालबिवाहमुक्त' वडा घोषणासँगै हेटौंडा-१७ उपमहानगरको चौथो बालमैत्री वडा भएको हो ।

यस अघि हेटौंडा-८, २ र ७ नम्बर वडा बालमैत्री वडा घोषणा भइसकेका छन् । शुक्रबार हेटौंडा-१७ मा आयोजित वडास्तरीय कार्यक्रमबीच हेटौंडा उपमहानगर प्रमुख मीनाकुमारी लामा, उपप्रमुख राजेश बानियाँले वडालाई बालमैत्री घोषणा गरेका हुन् । कार्यक्रममा नगरप्रमुख लामाले उपमहानगर बालमैत्री र युवामैत्री बनाउँने अभियानलाई अघि बढाउँदै लगेको बताइन् । यसलाई कार्यान्वयनमा लैजानका लागि पालिकाबाट कुनैपनि समस्या नहुँने प्रतिबद्धता जनाइन् ।

जसरी वडालाई बालमैत्री घोषणा गर्ने अभियानमा स्थानीयबासीको साथ र सहयोग रहेभैं यसलाई दिगो बनाउँनका लागि पनि यस्तै सहयोगको आवश्यकता रहेको बताइन् । बालमैत्री वडा घोषणाका लागि तोकिएका सूचक पुरा गरे नगरेको अनुगमन गरेसँगै वडालाई बालमैत्री घोषणा गरिदै आएको छ । घोषणासभा हुनुअगाबै वडाका बिभिन्न टोलविकास समूह, आमा समूह, सहकारीको टोलीले र्‍याली प्रदर्शन गरेको थियो । शनिवार पाँचौं वडाको रुपमा हेटौंडा-१० नम्बर बालमैत्री घोषणा हुँदैछ ।

# बनस्खण्डीमा श्रीमद् भागवत महायज्ञ सुरु



साझाकुरा संवाददाता

हेटौंडा, ७ भदौ/हेटौंडा उपमहानगरपालिका-२ बनस्खण्डीदेवी सामुदायिक बन उपभोक्ता समितिको प्राङ्गणमा शुक्रबारबाट श्रीमद् भागवत ज्ञानमहायज्ञ सुरु भएको छ ।

बनस्खण्डी सामुदायिक वनका अध्यक्ष भवसागर श्रेष्ठको सभाध्यक्षता र नेपाली कांग्रेस बागमती प्रदेश सभापति, बागमती प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँको प्रमूख आतिथ्यतामा महायज्ञको उद्‌घाटन गरिएको हो । महायज्ञको उद्‌घाटन गर्दै नेता बानियाँले हेटौंडाको मुटुमा रहेको बनस्खण्डी वन क्षेत्रभित्र रहेको राधाकृष्ण मन्दिरको विस्तार र विकास गर्दै यस क्षेत्रलाई धार्मिक एवम् पर्यटकीय क्षेत्रको रुपमा विस्तार गरिने बताए ।

नेपालमा विभिन्न धर्म, संस्कृति र जातजातिको विशेष बाहुल्य रहेको बताउँदै नेता बानियाँले महायज्ञमा उपस्थित भई कथाश्रवण गरि आफ्नो आर्थिक स्थिति हेरी सकेको दान गर्दै हामी सबै मिलेर यस क्षेत्रलाई धार्मिक पर्यटकीय स्थल बनाउन लाग्नुपर्ने बताए ।

महायज्ञ उद्‌घाटन कार्यक्रममा हेटौंडा उपमहानगर पालिका उपप्रमुख राजेश बानियाँ, कथावाचक पण्डित कपिलदेव भट्ट, उपवाचक पण्डित टेकनाथ ढकाल, बनस्खण्डी वन उपभोक्ता समितिकी सचिव लक्ष्मी तिमल्सिना गौतम लगायतले मन्तव्य ब्यक्त गरेका थिए । भदौं १३ गतेसम्म संचालन हुने महायज्ञमा उठेको रकमबाट राधाकृष्ण मन्दिरको बिस्तार, ब्यवस्थापन तथा अक्षयकोष स्थापना गर्ने उद्देश्य रहेको अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

# ग्यास बुलेटसँग ठोक्किएर कारमा सवार ३ जना घाइते

साझाकुरा संवाददाता

हेटौंडा, ७ भदौ/हेटौंडा उपमहानगरपालिका-९, स्थित पूर्व-पश्चिम लोकमार्ग खण्डमा ग्यास बुलेटले विपरित दिशातर्फबाट आउँदै गरेको कारलाई ठक्कर दिँदा ३ जना घाइते भएका छन् ।

पथलैयाबाट हेटौंडातर्फ आउँदै गरेको भारतीय ग्यास बुलेटले हेटौंडाबाट बीरगंजतर्फ जाँदै गरेको ग ३ च ८४४९ नम्बरको कारलाई ठक्कर दिएको मकवानपुर प्रहरीले जानकारी दिएको छ । कारमा सवार तीनजना घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले बताए ।

ग्यास बुलेटको ठक्कर बाट कारचालक स्याङ्जा अर्जुनचौपारी नगरपालिका-१ का ३३ वर्षीय चुडाबहादुर बिष्ट, कास्की पोखरा महानगरपालिका-११ का ६३ वर्षीय पुरण श्रेष्ठ, लमजुङ बेंसीसहर नगरपालिका-८ का १७ वर्षीया नेहा रानामगर घाइते भएका छन् । उपचारका लागि उनीहरुलाई हेटौंडास्थित सञ्चो अस्पताल ल्याइएको प्रहरीले जनाएको छ ।

पूर्व-पश्चिम सडक खण्डअन्तर्गत् हेटौंडा बजारबाट दक्षिणक्षेत्रमा पर्ने हेटौंडा-९ र १५ नम्बर वडाक्षेत्रमा अत्याधिक दुर्घटना हुने गरेको छ । सवारी चाप र साँघुरो सडकका कारण दुर्घटना बढी हुने गरेका हुन् । पूर्व-पश्चिम सडक खण्डकै पश्चिमीक्षेत्र हेटौंडादेखि मनहरी-लोथरसम्म पनि सवारी दुर्घटना अत्याधिक हुने गरेका छन् । सवारी दुर्घटना न्यूनीकरणका लागि सुरक्षा निकायले प्रयास गरेपनि घटनामा कमी आउन सकेको छैन ।

सूचना ! सूचना !! सूचना !!!
अब किन जानु पर्‍यो विदेश ?
हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्
६०% बैंकिङ सुविधा

हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।
आजै सम्पर्क गर्नुहोस्
Singhabahini Moto Corp Pvt. Ltd.
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

२०६२ सालदेखि चौकीटोल ओरालोमा रहेर सेवारत **लामा फ्रेस मिट सप**
अब नयाँ स्थान र नयाँ नाममा उही उत्कृष्ट सेवासहित...
ओम फ्रेस मिट सप
तपाईंको सेवामा



यहाँ ब्रोइलर, लोकल र लोहाटन कुखुरा तथा खसी, बोकाको मासु पाइनुका साथै चिकेन र मटन म:म को किमा पनि पाइन्छ ।
प्रोप्राइटर:
नुतन लामा
ओम फ्रेस मिट सप
हेटौंडा-२ चौकीटोल ओरालो (मन्त्रालय भवनको अगाडि)
सम्पर्क नं. ९८४५०२८४६६, ९८४५८६३७२१


DFSK EC 36
" हाम्रो सुमो सेवाको नौलो प्रस्तुती "
हाम्रो ई.भी. सेवा
हेटौंडा-कुलेखानी-फाखेल-काठमाण्डौं-हेटौंडा-ठिङ्गन-सातदोबाटो
काठमाण्डौं काउन्टर:-०१-५४०४४४५,९८५५०७८४७८ हेटौंडा काउन्टर:- ०५७-५२१४२१, ९८५५०७८३७८
सानेपा पुरानो स्टार हस्पिटलसँगै बल्खु पुलपारी
मुख्य कार्यालय, हेटौंडा :-०५७-५९१०४०
पुरानो मकवानपुररोड
सुरक्षित एवं भरपर्दो यात्राको लागि हाम्रो ई.भी. सेवालाई सम्झनुहोस ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना